# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७७/७८
च.नं. ५४६

मिति:...............२०७७।०५।२१


## सेवा करार सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०७७/०५/२१**

राप्ती नगरपालिका, चितवनका लागि तपसिल बमोजिमको पदमा प्राविधिक / अप्राविधिक कर्मचारी आवश्यक भएकोले सेवा करारमा लिनका लागि दरखास्त आह्वान गरिएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सुचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | काम गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|
| १. | १/२०७७-०७८ | रोजगार संयोजक | अधिकृत छैठौं | १ | राप्ती नगरपालिका |
| २. | २/२०७७-०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ | |

**(क) शैक्षिक योग्यता**

१. रोजगार संयोजक पदका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक वा सो सरह (एक तह माथि अध्ययन गरेकोलाई प्राथमिकता दिइनेछ)।

२. प्राविधिक सहायक पदका लागि सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण गरेको ।

३. उल्लेखित पदमा आवेदन दिनका लागि भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको हुनुपर्नेछ ।

**(ख) अनुभव र सीप (प्राविधिक सहायकको लागि):**

- कम्तीमा तीन महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको हुनुपर्नेछ।
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाहरुको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयारी गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तीमा ६ (छ) महिनाको अनुभव भएको हुनुपर्नेछ।

**(ग) उमेर :** विज्ञापन नं. १ को हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र विज्ञापन नं. २ को हकमा कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**दरखास्त दिने स्थान :** राप्ती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चितवन ।

**दरखास्त दिने अन्तिम मिति :** प्रथम पटक प्रकाशित मितिले १५ दिन ।

**आवेदन दस्तुर :** विज्ञापन नं. १ का लागि दरखास्त दस्तुर रु १०००।- र विज्ञापन नं. २ का लागि दरखास्त दस्तुर रु४००।-
दरखास्त फारमको दस्तुर रु १००।-

**छनौटको किसिम :** (क) प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र अन्तरवार्ता ।

**आवेदनसाथ संलग्न कागजातहरु :** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातहरु

- नेपाली नागरिकताको प्रतिलिपि
- न्यूनतम योग्यताको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजात

**सेवा सुविधा :**

- विज्ञापन नं. १ को हकमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम हुनेछ ।
- विज्ञापन नं. २ को हकमा गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ११, १२ र १३ बमोजिम हुनेछ ।

**करार अवधि :** करार अवधि १ वर्षको हुनेछ । कार्यसम्पादन मूल्याङ्कनको आधारमा प्रत्येक आर्थिक वर्षमा म्याद थप गरी सेवा करार नवीकरण हुन सक्नेछ ।

**पदले सम्पादित गर्नुपर्ने कार्य विवरण :**

- विज्ञापन नं. १ को हकमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड २०७६ को परिच्छेद ५ को दफा १४ बमोजिम हुनेछ ।
- विज्ञापन नं. २ को हकमा गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा ९ बमोजिम हुनेछ ।

अन्य आवश्यक जानकारीका लागि कार्यालयको फोन नं. ०५६-५५००१५ वा Email: rraptimunicipality42@gmail.com मा सम्पर्क गर्न सकिनेछ । दरखास्त फारम नगरपालिकाको कार्यालयमा उपलब्ध हुनेछ ।

गंगा बहादुर भुजेल
प्रमुख प्रशासकिय अधिकृत